ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३३५ ॥ मंगलबार १२ जेठ २०८३ ॥ दशमी ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Tuesday 26 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/–


## डीडीसीद्वारा किसानलाई दैनिक करोड

सन्देश संवाददाता

काठमाडौं/कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले दुग्ध विकास संस्थान (डीडीसी) को सुधार को कार्ययोजना अगाडि सारेसँगै दैनिक १ करोड रकम किसानलाई भुक्तानी भइरहेको बताएकी छन्। पछिल्लो चार महिनाको करिब ५८ करोड बक्यौता दायित्वमध्ये हाल १२ करोड रकम भुक्तानी भइसकेको छ भने एक महिनाको रकम आउँदो १३ गतेभित्र भुक्तानी गर्ने तयारी रहेको उनको भनाइ छ।

डीडीसीको हाल दैनिक करिब एक करोड कारोबार भइरहेको छ भने सो रकम दैनिकरुपमा किसानलाई भुक्तानी भइरहेको छ। बाँकी रहेको रकम करिब ४६ करोड २ महिनामा भुक्तानी हुने गरी कार्य भइरहेको छ। दैनिक कारोबार र भुक्तानी प्रक्रिया नियमितरुपमा अघि बढिरहेकाले बाँकी रकमसमेत चरणबद्धरुपमा किसानको खातामा पुग्ने मन्त्री चौधरीले बताइन्। दुग्ध किसानको श्रम र योगदानको सम्मान गर्दै किसानको हितलाई प्राथमिकतामा राखेर समस्या समाधानका लागि सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको छ।

# चेपाङ केन्द्रभित्र फलफुल तथा तरकारी



सन्देश संवाददाता

हेटौंडा/नेपाली समाज सदियौंदेखि खेतीपातीबाट गुज्रिँदै आएको समाज हो। विकसित समाजमा भने खेतीपातीका अनेक विकल्प अपनाउन थालिएको छ। मकवानपुरको पहाडी क्षेत्रलाई हेर्ने हो भने खेतीपाती पनि पर्याप्त नहुँदा त्यस क्षेत्रमा बसोबास गर्ने विपन्न समुदाय वर्तमान अवस्थामा पनि अनिकालको चपेटामा छ।

खोरियाबारीमा राम्रो उत्पादन नहुने र रोजगारको विकल्प नहुँदा चेपाङ समुदायले आफ्ना बाल बालिकालाई शिक्षादीक्षा दिनसमेत नसकिरहेका बेला गामबेंसीको चेपाङ संरक्षण केन्द्रले भने शिक्षासँगै व्यवहारिक सिकाइलाई पनि जोड्ने प्रयास गर्दै आएको छ। विशुद्ध चेपाङ बालबालिकालाई आवासीय सुबिधा सहित शैक्षिक विकास गराउने उद्धेश्य सहित स्थापित केन्द्रले केन्द्रमै खेती पातीको पनि अभ्यास थालेको हो।

केन्द्रमा हाल १ सय ५० बाल बालिकाले आश्रय लिइरहेका छन्। आधारभुत तहदेखि उच्च तहसम्म यहीं बसेर अध्ययन गरिरहेका छन्। उनीहरुलाई शिक्षामा मात्र नभइ व्यवहारिक सिपमासमेत अभ्यस्त बनाउनका लागि केन्द्रपरिसरमा बिभिन्न तरकारी तथा फलफुल उत्पादन गर्न थालेको केन्द्र अध्यक्ष केपीकिरण शर्माले जानकारी दिए।

हाल केन्द्रमा फर्सीको मुन्टा झुलिरहेको छ। सिमी, बोडीलगायत तरकारीजन्य गेडागुडीलगायतका खाद्यबाली उत्पादन भएका छन्। त्यसबाट केन्द्रमा आश्रित बाल बालिकालाई नियमित खानपानमा टेवा पुगेको छ। 'फर्सीको मुन्टा, कटहर, बोडी, सिमी, खुर्सानीलगायत तरकारी खाने बेला भएका छन्। यसले तर–कारीजन्य वस्तु आयात गर्ने क्रम घटाएको छ,' उनले भने। कर्कलो (पिँडालु), बेसार, ड्रागन, अम्बा, अमलाजस्ता कृषि उत्पादनको फसल लाग्ने बेला भएको छ। दुई वटा गाईसमेत पालिएको केन्द्रमा ठूला विद्यार्थीले बिदाको दिन कृषिक्षेत्रमा योगदान दिँदै आएका छन्। 'चेपाङ बालबालिकालाई पठनपाठनसँगै कृषिक्षेत्रमा समेत सिकाइ हुने अपेक्षासहित खेतीपाती गर्दा सिप विकाससँगै केन्द्रमा प्रयोग गर्न पाइएको छ,' उनी भन्छन्–यसले हालको मौसममा हरियो सागपात धेरै किन्नु परेको छैन।

आगामी वर्षदेखि केन्द्रले उत्पादन गरेको बेसारलाई पनि ब्राण्ड बनाउने योजना अघि सारेको उनले बताए। 'यहाँ थोरै क्षेत्रफल भएको हुँदा बिक्रीकै लागिभन्दा पनि कोसेलीस्वरुप उपहार दिन सकिन्छ कि भन्ने सोच छ,' उनी भन्छन्–केन्द्रलाई सहयोग गर्ने दाताहरुलाई आधा किलो बेसारको धुलो उपहार दिन सक्ने वातावरण बनेको छ। फर्सी र सिमीको वीउ बजारबाट ल्याए पनि पिँडालु भने चेपाङ गाउँबाट ल्याएर लगाइएको उनले बताए। पछिल्लो समय धेरैको चासो बनेको ड्रागन पनि स्थानीय कृषकले आफैं आएर लगाइदिएको उनले बताए। आँप, लिचीका बिरुवासमेत हुर्किइ–रहेका छन्।

सधैं दाताहरुकै सहयोगमा चल्दै आएको संस्थामा बसिरहेका चेपाङ बालबालिकाले अबको केही वर्षपछि मौसमअनुसार फलसमेत केन्द्रमै बसेर खान पाउने सुबिधा थपिएको छ। गाई, बाखा र कुखुरापालन पनि सँगै रहेको हुँदा त्यहाँ उत्पादन भएका र हुन लागेका सबै कृषिउपज विशुद्ध प्रांगारिक छ। 'यहाँको खेतीपातीका लागि आयातित मल प्रयोग गर्नु परेको छैन,' केन्द्र अध्यक्ष शर्माले भने–हालसम्म यहीं उत्पादन भएका मल पर्याप्त भएको छ। यहाँ बस्ने चेपाङ बालबालिकाले आफ्नो अध्ययन सकिएपछि गाउँ फर्किंदा पनि कृषि उत्पादन गर्न सक्षम होउन् भन्ने लक्ष्यसाथ केन्द्र परिसरमै मौसम अनुसार खेतीपाती गर्ने प्रयास गरि–एको उनको भनाइ छ। 'हामीसँग धेरै क्षेत्रफलको जमिन नभए पनि भए जति खाली जमिनमा कृषि उत्पादनलाई अभ्यासका रुपमा प्रयोग गर्दै आएका छौं,' हालसम्म सकारात्मक प्रभाव पारेको महसुस गराएको छ।

## बढ्दैछ रानी सामुदायिक वनमा सालक

सन्देश संवाददाता

हेटौंडा/किसानको साथीको रुपमा रहेको सालकलाई हेटौडा - ६ चौघडामा रहेको रानी सामुदायिक वनले आफ्नै सन्तानको रुपमा संर क्षण गर्दै आएको छ। जेठ १० गते रातको ८ बजेको समयमा स्थानीय सुरज फुयालले बाटोमा हिडिरहेको समयमा फेला पारि समूहका वन हेरालु हरिचन्द्र सापकोटालाई बुझाएका थिए।

करिव ३ केजी वजन भएको सालकलाई जेठ ११ गते हेटौडा उपमहानगरपालिका वडा नं-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, वडा सदस्य विजय पौडेल, समूहकी सचिव अमुना सापकोटा, सदस्य पूर्णभद्र चौलागाई, लेखा संयोजक राजकुमार फुयाल, उपभोक्ता र कर्मचारीको रोहवरमा समूहद्वारा निर्माण गरिएको सालक केजमा छाडिएको छ।

अत्यन्त लज्जालु स्वभावको सालक रातको समयमा सक्रिय हुने गर्छ। धमिरा र कमिला खाएर आफनो जीवनयापन गर्ने सालकको लागि समूहले जंगलमा रहेको धमि–राको देवल संरक्षण गर्दै आएको समूहका अध्यक्ष केशव धितालले बताए।

यसअघि समूहले बैशाख २ गते भेटिएको बयस्क र बच्चा सालकलाई समेत उद्वार गरि सालकको बासस्थानमा छाडिएको थियो। समूहकाअनुसार समूहद्वारा संरक्षित सामुदायिक वनमा करिव ५ दर्जन सालक रहेको छ।

सालकको संरक्षणको लागि समूहले जनचेतनामूलक कार्यक्रम, विद्यालयस्तरीय कार्यक्रम, सालकको बासस्थान संरक्षण, कानूनी ब्यवस्था, होडिङ बोर्ड स्थापना, सालकको मूर्ति निर्माणलगायतका कामहरु गर्दै आएको छ।

जिल्लाभित्र र जिल्ला बाहिर भेटिएका सालकलाई रानी सामुदायिक वनमा बुझाउने गरिएको छ। समूहले २०६२ सालदेखि सालकको संरक्षण गर्दै आएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०७३ अनुसार सालक मार्ने, खरिदबिक्री गर्ने वा अबैद्य ओसारपसार गर्ने ब्यक्तिलाई पाँच लाखदेख १० लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि १५ वर्षसम्म कैद वा दुबै सजाय हुन सक्ने कुननी ब्यवस्था छ।

## नष्ट गरिँदै ३३ लाख बढीका औषधी

सन्देश संवाददाता

हेटौंडा/अधिकांश औषधीहरु कोठाको तापक्रम (१५–२५ डिग्री सेल्सियस) मा राख्न सिफारिस गर्ने गरिन्छ। धेरै गर्मी वा घाम पर्ने ठाउँमा औषधी राख्दा तिनको रासायनिक संरचना बिग्रिएर काम नगर्ने हुन सक्छन्। अधिक तातोमा औषधीको प्रभावकारिता घट्न सक्छ। चिसोमा राख्नुपर्ने औषधीमा इन्सुलिन, केही भ्याक्सिन र झोल औषधीहरुलाई फ्रिजको चिसो ठाउँ (२–८ डिग्री सेल्सियस) राख्नुपर्छ।

त्यसैले गत भदौ २४ गते जेन्जी आन्दोलनका नाममा आगजनी गरिएपछि उच्च तापक्रमका कारण औषधी खानयोग्य हुने नभएपछि मकवानपुरको मनहरी गाउँपालिकाले नष्ट गर्न सुरु गरेको छ। गाउँपालिकाको औषधी भण्डारका २ सय २२ थरिका औषधी काम नलाग्ने भएका छन्। मनहरी गाउँपालिका स्वास्थ्य शाखाले दिएको जानकारी अनुसार औषधी भण्डारमा आगजनी भए पनि कतिपय औषधीहरु जलेका भने थिएनन्। औषधीहरु नजले पनि उच्च तापमा परेकाले प्रयोग गर्न उपयुक्त नहुने विज्ञहरुको भनाइ छ। त्यसैले आगजनीमा परेका औषधीलाई व्यवस्थितढंगले नष्ट गर्न थालिएको शाखा संयोजक रामचन्द्र दाहालले बताए।

उनका अनुसार २ सय २२ थरिका औषधी नष्ट गरिएको छ। गाउँपालिकाले नगर प्रहरी प्रयोग गरेर हरेक ट्याब्लेटलाई खोलबाट निकाली जमिनमा गाडेको हो। तरल प्रकृतिका औषधीहरुका बोतल फुटाएर एकै भाँडोमा संकलन गरी नष्ट गर्न थालिएको संयोजक दाहालले बताए। उनका अनुसार नष्ट गरिने सबै औषधीको मूल्य ३३ लाख रुपियाँभन्दा बढी छ। पालिका अध्यक्ष रञ्जन कालाखेती, प्रमुख प्रशासीय अधिकृत रमेश सुबेदी, सञ्चारकर्मी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, सरोकारवा लालगायतको उपस्थितिमा औषधी नष्ट गर्ने कार्य गरिएको हो।

२०८२ भदौ २४ गते देशभर भएको आन्दोलनका क्रममा मनहरी गाउँपालिका अध्यक्षको कक्ष, जिन्सी शाखासहित, लामिटारमा रहेको स्वास्थ्य, सामाजिक, पशु, शिक्षालगायत शाखाहरुमा क्षति पुगेको थियो।

## २० जना विद्यार्थीलाई निःशुल्क पढाइने



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-४ नम्बर वडा कार्यालयद्वारा वडाका विद्यालय हरुसँगको सहकार्यमा २० जना विपन्न विद्यार्थीलाई निःशुल्क पढाइने भएको छ। वडा कार्यालय, भुटनदेवी मावि र आधुनिक राष्ट्रिय माविबीच शैक्षिब वर्ष २०८३ देखि निरन्तर लागु हुने गरी यस्तो सम्झौता/प्रतिबद्वता भएको हो।

सम्झौता/प्रतिबद्वतापत्रमा अध्यक्ष नवीन सिग्देल, वडा सचिव रामप्रसाद गुरागाई, भुटनदेवी मावि हेटौंडाका प्रअ सूर्यप्रसाद घिमिरे र आधुनिक राष्ट्रिय माविका प्रअ रामसँगर गुरागाईंले हस्ताक्षर गरेका छन्। सम्झौतापत्रमा छात्रवृत्तिको मापदण्डमा अतिविपन्न, दलित, सीमान्तकृत, द्वन्द्वपीडित, भूमिहीन, अभिभावकविहीन, सडकबालबालिका, विशेष प्राथमिकताका क्षेत्र जस्तै विद्यालयले सञ्चालन गर्ने खेलकुद, अतिरिक्त क्रियाकलापमा उत्कृष्टता हासिल गर्ने छात्रछात्रा उल्लेख गरिएको छ। दुवै विद्यालयमा १०/१० जना कक्षा–११ र १२ का विद्यार्थीहरुलाई ६ महिनाको मासिक सहयोग शुल्क र भर्ना शुल्क वडा कार्यालयबाट र विद्यालयले ६ महिनाको मासिक शुल्क छुट दिने सम्झौतापत्रमा उल्लेख गरिएको छ।

विद्यालयहरुले चालु शैक्षिक वर्ष २०८३ देखि सम्झौता कार्यान्वयनमा ल्याउने र हरेक शैक्षिक वर्ष शुरुवातसँगै नवीकरण हुने सम्झौतामा उल्लेख छ। आर्थिक अभाव कारणले विद्यार्थी पढाइबाट बञ्चित नहोऊन् भन्ने उद्धेश्यले पूर्ण रुपमा निःशुल्क छात्रवृत्तिको व्यवस्था गरिएको अध्यक्ष सिग्देलले बताए।

## छोटकरी समाचारहरू

### देउवा दम्पतीलाई पक्राउ नगर्न सर्वोच्चको आदेश

काठमाडौं/सर्वोच्च अदालतले नेपाली कांग्रेसका पूर्वसभापति शेर–बहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवाविरुद्ध जारी भएको पक्राउ पुर्जीमा प्रचलित कानुनको प्रक्रिया अवलम्बन नभएको भन्दै निष्क्रिय गरिदिएको छ। अदालतले देउवा दम्पतीलाई पक्राउ नगर्न अन्तरिम आदेशसमेत दिएको छ।

### गणतन्त्र दिवसमा बालेनले सम्बोधन नगर्ने

काठमाडौं/प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले संसदमा सांसदहरूका प्रश्नको जबाफ नदिएको भन्दै विपक्षी दलहरूले आपत्ति जनाउँदै आएका छन्।

सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जबाफ नदिएर आलोचना भ्हेलेका बालेनले गणतन्त्र दिवस विशेष समारोहमा समेत सम्बोधन नगर्ने भएका छन्।

दिवसमा सम्बोधनका लागि राष्ट्रपति रामचन्द्र पौडेललाई आग्रह गर्ने निर्णय भएको बताईएको छ।







**उखान:** मासिने बेलामा कमिलाको प्वाँख आउँछ।

॥ ॥ बेलाको बोली ॥ ॥

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर । - *चाणक्य*

## सम्पादकीय

# चल्ला त कपडा उद्योग ?

*नेपालका हरेक सरकारहरुले हरेक बजेटमा हेटौंडा कपडा उद्योग पुनर्सञ्चालन ल्याइने बताउँदै आएको छ । उद्योग सार्वजनिक-निजी साझेदारीमा सञ्चालनमा ल्याइने बजेटमार्फत् बताइएको हो । यसो भनिएको सातौं पटक भएको छ । आर्थिक वर्ष २०७८/०७९ को बजेटमा पनि तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले नै यसबारे घोषणा गरेका थिए । उद्योग पुनर्सञ्चालनमा ल्याउन तत्कालीन प्रधानमन्त्री केपी शर्माओलीले बागमती प्रदेशसभा बैठकमा नयाँ मेसिन ल्याएर उद्योग चलाउने बताउन भ्याएका थिए ।*

*चरम राजनीतिकरण र प्रशासनिक कमजोरीका कारण बन्द भएको उद्योग पुनर्सञ्चालन गर्ने भन्दै ७ उद्योग मन्त्रीले प्रयास गरे । डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा त ९ करोड अनुदान नै दिइयो । उक्त रकम खोलामा पानी बगेसरह बग्यो । २०७० सालमा तत्कालीन माओवादीको हेटौंडा महाधिवेशनका क्रममा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले उद्योग जसरी पनि सञ्चालन गरिछाड्ने भाषण गर्दा मन्त्रि परिषद्ले उद्योग खारेज गरेर भवन र भौतिक पूर्वाधारबापत् रकम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा शेयरका रूपमा लगानी गर्ने निर्णय गरेको थियो । निरन्तर घाटामा गएर उद्योग चल्नै नसक्ने अवस्था आएपछि २०५७ माघ १८ गते मन्त्रिपरिषद् निर्णयले कामदार र कर्मचारीलाई सामूहिक अवकास दिइ उद्योग बन्दको घोषणा गर्‍यो । सरकारले २०६९ माघ १२ मा उद्योग खारेज गर्दै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई मूल्यांकन स्वीकृत गर्दै लिलाम गर्ने अधिकार दियो ।*

*लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुनर्सञ्चालन गर्ने तयारी नयाँ सरकारले पनि अगाडि बढाएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादबले हेटौंडा औद्योगिक क्षेत्रको निरीक्षण गर्दै उद्योग पुनर्सञ्चालनका लागि सरकार गम्भीर रहेको बताएसंगै केही दिनको लागि यो बिषयले चर्चा पाएको छ । तर सञ्चालनको मोडालिटी कहिले कसरी भन्ने बिषयमा केही नखुलाईएकोले यो नया सरकारको देखांउने दांत मात्र त बन्ने होईन हेटौंडाबासीको चिन्ता छ ।*

## मकवानपुरमा आज


१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | |
|---|---|
| **मेष** — श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ बुद्धिका कारण लक्ष्य प्राप्त हुनेछ। | **बृष** — अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ समय छ। नयाँ काम प्रारम्भ हुनेछ। |
| **मिथुन** — आम्दानीका स्रोत पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ। | **कर्कट** — विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। आँटेको लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। सामाजिक नेतृत्व हात लागि हुने सम्भावना प्रवल छ। |
| **सिंह** — कृषि, पशुपालन तथा घरेलु कामकाजमा फूलबारी र घरको साजसज्जामा समय बित्नेछ। टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन्। | **कन्या** — मिहिनेतले सम्मानित स्थान दिला उन सक्छ बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ। |
| **तुला** — स्वास्थ्य कमजोर रहनेछ भने केही जुध्नु पर्नेछ। अशक्त अवस्थामा व्यस्तता बढ्नेछ। प्रतीक्षित नतिजा कमजोर हुनाले काम दोहोर्‍याउनु पर्ला। | **बृश्चिक** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ |
| **धनु** — अवसर र व्यवधानका बीचबाट कर्मफल प्राप्त हुनेछ। अरूको विश्वास जित्न केही समय लाग्नेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुनेछ | **मकर** — सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ। भौतिक साधन पनि जुट्नेछन्। |
| **कुम्भ** — सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। उत्साह जगाउनेछ। मित्रता रप्रेमको बन्धन कसिनेछ। | **मिन** — अतिथिको रूपमा सम्मान सत्कार प्राप्त हुनेछ। परिवारजनको साथ जुट्नाले सहज बनाउन सकिनेछ। भौतिक वस्तुहरू जुटाउन सकिनेछ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# देशको आशातीत कुण्डलीमा ग्रहगोचर



✍प्रा. डा. हरि शर्मा

गत वर्ष भाद्र २३ र २४ को विध्वंसकारी घटनापश्चात् देशले भोग्नुपरेको संकट नसकिँदै राज्य व्यवस्थाले अकल्पनीय स्थितिको सम्मुखिन हुनुपरेको र कैयौं युवाले भाद्र २३ मै शहादत प्राप्त गरेको स्थितिले प्रत्येक नेपालीको मन कुँडिएको अहिले पनि सम्झँदा विरक्त लाग्नु स्वाभाविकै हो । समय कठोर अवश्य हुन्छ, तर त्यो कठोरता समयान्तरपछि मनसुनको बादल आकाशमा छ्याङ्गिएजस्तै छ्याङ्गिएर हराउँछ अनि नवप्रवर्तन हुन्छ । अहिलेको हाम्रो सरकार त्यस्तै नवप्रवर्तित अवस्थाको सरकार हो । अमुक सरकारको शासनकाल जरैदेखि उखेलिएको परिदृष्य पश्चात् अनेकौं बौद्धिक तथा राजनीतिक अभ्यासहरू पार गर्दै विकसित भएको, देशका नागरिकले चाहेको जस्तो हाम्रो सरकार हो ।

गत फागुन २१ गते सम्पन्न चुनावमा जनताबाट निर्वाचित झण्डै दुईतिहाइको मत हासिल गरेको सरकार हो । अहिलेको सरकारलाई चुनौती दिनुको अर्थ जनमतको बर्खिलाफ हो । वर्तमान सरकार लोकतन्त्रको उन्नत फसलजस्तै हो । तर, लोकतान्त्रिक बहुदलीय व्यवस्थामा राजनीतिक मौसम संधैं अनुकूल रहन्छ भन्न सकिँदैन, यद्यपि कहिलेकाहीँ घाम लागिरहेको बेला पनि अनायास मौसममा परिवर्तन आएर असिना पर्न बेर लाग्दैन । यो हाम्रो पिँढीले आफ्नो अनुभवबाट जानेको कुरा हो ।

हो, अर्थतन्त्र स्थिर छ वा उकालो चढिरहेको छ भने राजनीतिक गतिविधिहरू क्रियाशील, व्यवस्थित, पारदर्शी र दिगो बन्ने दौडमा कस्सिन्छन् । अन्यथा, देशभित्रका राजनीतिमा चाख राख्नेहरूले अखबार पल्टाउँदै सी जिनपिङ र ट्रम्पका कुरा गरेर राजनीतिप्रतिको आफ्नो अम्मले तलतल मेटाउँछन् ।

भेनेजुएला र इरान, पाकिस्तान र अफगानिस्तानका गफ चुटेर समय बिताउँछन् । अमेरिकी राष्ट्रपति पनि निकै बाठा रैछन्, चीन भ्रमणमा जानुअघि कहीँ पनि ताइवानको सन्दर्भ नउठोस् भनेर आफ्नो संयन्त्रलाई सचेत बनाएरै गएका रहेछन् । दुनियाँ छक्क पर्‍यो, सी र ट्रम्पको आत्मीयताको न्यानोपनाको पारा (मर्करी) बराबर उक्लँदै गरेको देखेर । वैश्विक व्यापार र वाणिज्य अब हर्मुजले प्रभावित नपार्ला कि भन्ने संशय दुर्बल बन्दै जाने आसमा अट्लान्टिक, प्यासिफिक र हिन्द महासागर तथा अरब सागर हुँदै बंगालको खाडीवरपरका सबै संघर्षशील मुलुकहरू जुमुर्राउँदै आफ्नो अर्थतन्त्रको नौकायन (सेलिङ) सँभाल्न हतपत गरिरहेको स्पष्ट बुझिन्छ । तर, मध्यपूर्वको शान्ति खलबल्याउने शक्तिहरू विविध रूपमा सक्रिय छन् ।

छिमेकी उपमहादेश भारतको अहिलेसम्मको अन्तर्राष्ट्रिय छवि उसको पञ्चशील र असंलग्न वैदेशिक नीतिले गर्दा कहीँकतै कलंकित देखिँदैन । यद्यपि, नेपाल अहिले कुनै गम्भीर प्रकृतिको राजनीतिक खिचातानीबाट पृथक् रहेका कारण ठूला उद्योग र उत्पादकत्वको कमी, बिगतमा बहुचर्चित भ्रष्टाचार र कुशासनका कारण, नेताहरूको राजकीय सान-सौकतका कारण, कर्मचारीतन्त्रमा नेताहरूबाट सल्केको अनुशासनहीनता र छाडापनका कारण हाम्रो अर्थतन्त्र संकुचित बन्दै गयो ।

जलस्रोत र स्थानीय उत्पादनले मात्रै जनजीवनलाई पुष्ट बनाइराख्न राज्य व्यवस्थालाई कठिनाइ परिरहेको जनसमक्ष प्रस्टै छ । तैपनि प्रशासनिक, आर्थिक र सामाजिक सुधारका प्रयासहरूले अहिलेको बालेन सरकारलाई उत्साहित नै तुल्याएको सम्पूर्ण देशले अनुभूत गरिरहेको छ । अझ केही समय नागरिकले ऐक्यबद्ध भई सरकारका कार्यक्रमहरूलाई निर्धक्कसँग लागू गर्न सक्ने वातावरण बनाउन सहयोग गरेमा वा अन्य कुनै प्रकारको अप्रत्याशित आपद्-विपद् र प्राकृतिक प्रकोपको सामना गर्न नपरेमा देश दक्षिण एसियाकै एउटा नमुना देश बन्न सक्ने क्षमता आर्जन गर्नेतर्फ उन्मुख भइरहेको देखिन्छ ।

सरकारको कार्यशैलीलाई निहाल्दा नेपाल छिट्टै 'ग्रे-लिस्ट' को सूचीबाट मुक्त हुने प्रबल सम्भावना छ । त्यै पनि अर्थतन्त्रमा सुधारका प्रस्ट संकेतहरू क्षीण नै छन् । बालेन सरकारले बन्द गराइएका सातवटा उद्योगलाई पुन: सञ्चालनमा ल्याउने गरेको प्रतिबद्धता कति प्रतिशत पूरा भयो, त्यो प्रकाशमा आएको छैन । प्रम बालेनले सत्ता सँभाल्नुअघि नै हरक्षेत्रमा चिलाइरहने लुतोझैँ बेथितिहरूको रास थुप्रिएको थियो र तिनको उपचारबेगरै सरकारले कुनै पनि नव-प्रवर्तनमा हात हालिहाल्ने अवस्था थिएन । अब बिस्तारै विगतको परिपाटीमा परिवर्तन आइरहेको छ ।

सातामा दुई दिन बिदा हुन्छ; तर कार्यालय खुलेका दिन कर्मचारीले इमानदारिताका साथ सेवाग्राहीलाई सन्तुष्ट तुल्याएर फिर्ता पठाउने काम गरिरहेको हामी पाउँछौं । यो देशका लागि, जनताका लागि र स्वयं सरकारका लागि गर्व गर्ने विषय बनेको छ । प्रतिपक्षी दीर्घाबाट पनि सरकार विशेष गरी प्रधानमन्त्रीको कामप्रतिको लगाव देखेर प्रसन्नता व्यक्त भइरहेको छ । यसरी नै हामी सुधारको बाटो लाग्यौं भने हाम्रो सुशासनको लक्ष्य टाढा रहनेछैन ।

हालै प्रकाशित एउटा आर्थिक प्रतिवेदन अनुसार बिगतमा राज्यकोषमा ब्रह्मलुट भएको तस्बिर हाम्रा सामु आउँछ । महालेखा परीक्षक तोयम रायाको एउटा रिपोर्टअनुसार गत आवको बेरुजु मात्रै १५ खर्ब ४३ अर्ब रुपियाँ रहेको देखिएको छ । कानुन मिचेर गरिएको यस्तो खर्चको जिम्मेवार अधिकारी कानुनी कारबाहीमा पर्छन् कि पर्दैनन् ? कि उम्किने गर्छन् र ? जनतालाई यो थाहै हुँदैन । सिंहदरबार र उसैका छहारीमा खडा गरिएका अनगिन्ती कार्यालय र अड्डाहरूमै आर्थिक अनुशासनहीनता र अराजकता छाएको गुनासो हामी सञ्चारमाध्यमहरूबाट मात्रै थाहा पाउँछौं । वर्षभरि कति यस्ता घटनाहरू भए, एआई पनि भन्न असमर्थ छ । देशमा वर्षौं अघिबाट सुरु भएका झण्डै २७-२८ वटा गौरवका आयोजनाहरू रहेको बुझिन्छ । तर, हालसम्म मात्र तीनवटा सम्पन्न भए रे गौरवका साथ भनिएको सुनिन्छ । दूरदराजमा बस्ने नेपाली जनताले गोठालो जाँदा गाएको गीत भाइरल बन्छ; भ्रष्टाचारीलाई जेलमा हाल, वी वान्ट करप्सन फ्री नेपाल ।

जनेच्छानुसारको सरकार आयो तर सरकारको सुरुको गति अहिले किन हराउँदै गइरहेको छ ? बुझ्न गाह्रो भइसक्यो । प्रम सिंहदरबारमा बसेर एघार घण्टा काम गर्छन्, संसद्भित्र पनि राष्ट्रिय कामको बोझले गर्दा उनले बस्ने समय निकाल्न गाह्रो हुने गरेको स्रोत बताउँछन् । के प्रधानमन्त्री एक्लैले सम्पूर्ण नेपाललाई हामीले सोचेजस्तो भ्रष्टाचारमुक्त सुशासनको पथमा अगाडि बढाउन सक्ने सामर्थ्य राख्छन् त ? जनतासँग प्रत्यक्ष वार्तालाप गर्न नसके पनि सामाजिक सञ्जालमार्फत् स्टाटस लेखेर उनले आफ्ना मनभित्रका उद्वेलित ज्वारहरूलाई साम्य पार्ने अथक प्रयास गर्दै आइरहेको सर्वविदितै छ । तर, समाजमा व्याप्त अनेक विविधता, असमानता, अभाव, अनुशासन शून्य वातावरण र स्वार्थान्धताले हामीलाई कता डोर्‍याइरहेको छ ?

प्रमले मेयर भएर काम गर्नुअघि दोहोर्‍याईतेहेराई उठाउने गरेको कृषिक्रान्तिको प्रसंग हामी कैयौं नेपालीहरू सम्झने गर्छौं । अहिले भारतले नेपाललाई दिने गरेको चिनीको आपूर्ति बन्द गरेपछि बजारमा चिनी पाउन असहज भइसकेको छ । चिनी मात्रै कहाँ हो र, यस्ता अनेकौं भारतबाट आउने उपभोग्य वस्तुहरू विस्तारै बजारबाट लोप हुँदै गइरहेको अनुभव गर्न सकिन्छ । हाम्रो बानीसमेत बिग्रेको अवस्था छ ।

कुनै बेला राजधानीका घरहरूमा कौसी खेतीको चलन अति व्यापक थियो । अहिले कौसी खेती पनि हराउँदै गयो । घरआँगनमा रहेको थोरै जग्गामा पनि करेसाबारी हुने गर्थ्यो, अहिले त्यहाँ मोटरसाइकल राख्ने अथवा फूलका गमला सजाउने गरिएको छ । परम्परागत सामाजिक व्यवस्था तीव्र गतिले परिवर्तित हुँदै गइरहेको छ । पैसाले किन्न पाइने वस्तु किन स्वयं उत्पादन गर्नुपर्‍यो भन्ने भावनाले हामीलाई ग्रसित पारिसकेको छ ।

युगानुसार शिक्षादीक्षा, सामाजिक चालचलन, बोलीचाली, गरगहना र पोशाकहरूको शैली बदलिँदै जानु स्वाभाविक मान्न सकिन्छ, तर आफ्नो मौलिक संस्कृति र संस्कारलाई तिलाञ्जली दिएर पराईको नक्कल गर्दै खर्चिलो संस्कारलाई अपनत्व दिने बानीले हामी बाँदर त बन्दै जान्छौं नै, हाम्रो संवेदनशील आर्थिक दिगोपन पनि खिइँदै गइरहेको पत्तै पाउन गाह्रो हुने निश्चित छ ।

देशको वार्षिक बजेट तयार पार्ने चटारोले हाम्रा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले जनसमक्ष खुलेर प्रस्तुत हुन भ्याउनुभएको छैन, यद्यपि आम नागरिकले अरू बेलाझैँ बजेट त आयो तर हाम्रो भागमा फुस्स भन्ने स्थिति पैदा नहोस् भन्नेमा एकचित्त भएर काम गर्दै हुनुहुन्छ, आशा गरौं । चित्त नबुझ्दो कुरा के छ भने जनताले आफ्नो अमूल्य मत दिएर देशका लागि काम गर्न जिताएका एकाध सांसदहरूको महत्वाकांक्षाले उनैलाई खाइरहेको छ ।

चौथो अंगले पटक-पटक संकेत गर्दा पनि आफ्नो होस ठाउँमा राखेर व्यावहारिक (प्रोफेसनल) देखिन सकिरहेका छैनन् । कतिपयलाई भने आफू 'हट एअर बेलुन' मा उडिरहेको जस्तो लागिरहेको पनि होला । रोमाञ्चक ! हालसालै सुनियो, बालेन सरकारले सबै प्रदेश संरचना खारेज गर्ने रे । यदि यो सत्य हो भने यस कलमकारको एउटा चाहना पूर्ण हुने भयो ।

अर्को कुरा, हाम्रा नेताहरूले भावनामा बग्ने छुट पाउँदैनन् । अविचल धैर्य लिएर मात्र काम गर्न तत्पर रहनुपर्छ । विरोधीले घोचपेच त गर्छन् नै । तर, जनता तपाईंहरूसँगै छन् । देशको उन्नतिका लागि हुटहुटी लिएर जुटेका हाम्रा नेताहरूले आफ्नो सबै छोडेर अहोरात्र काम गर्दा पनि विरोधीहरूको स्वर झन्झन् चर्को हुँदै जानु देशकै लागि दुर्भाग्यको कुरा हो । बुर्किना फासोका राष्ट्रपति ३६ वर्षीय युवा इब्राहिम ट्रोरेले झैँ पाइला नरोकी अगाडि बढ्दै जानुस्, नेपाली जनताको अपेक्षा यही हो ।

सदनभित्र तपाईंहरू १ सय ८२ को संख्यामा हो । विरोधीहरूको संख्या नगण्य छ । जनताले साथ दिएसम्म कुनै पनि अवस्थामा हाम्रो नेताले आफ्नो मनोबल ब्याडवाले गलाए भने भोलिको पिँढीले तपाईंहरूलाई दुत्कार्नेछ । राष्ट्रपिता पृथ्वी नारायण शाहले नेपाल एकीकरणका दौरान भएका संघर्षबीच मनोबल गुमाएका भए हाम्रो पहिचान कहाँ हराउँथ्यो होला ? सोचौं । राजनीतिमा छल, कपट, षड्यन्त्र, अवसरवाद वा कुटिल रणनीतिको प्रतीकका रूपमा रावण, शकुनी, दुर्योधन, मन्थरा, कंश, जरासन्ध, विभीषण, धृतराष्ट्र सबै चिनिएकै हुन् । नेपालमा पनि उदार प्रजातन्त्रको मुखौटा लाएका धेरै बुख्याँचाहरू नदेखिएका कहाँ हुन् र ? लोकले नचाहेपछि तिनको समेत नामोनिसान मेटिँदै गइरहेको युग साक्षी छ ।

ती जति पटक उठ्ने प्रयास गर्छन्, त्यति नै पटक ती पछारिने समयको अविचलित निष्कर्ष बन्दै जान्छ । बिहारका रेल्वे स्टेसनमा रेल आउँदा कुदिरहने कुल्लीहरूझैँ हामी एउटै सीमाभित्र ओहोरदोहोर गर्दै जिजीविषाको खोजीमा दौडिरहेछौं । बाँच्ने चाहना, उम्मेद, उद्देश्य वा जीवनप्रतिको उत्साह खोज्दै हामी अभिमानी नेपालीहरू निरन्तर संघर्षरत छौं । यसै संघर्षमा हामीले आफ्नो उत्पादनशीलता गुमाइरहेको देखिन्छ । हाम्रा खेतहरू बाँझा बन्दै गइरहेका छन् । हाम्रा उद्योग र कल-कारखानाहरू चलेको देख्न नसक्ने विगतका शासकहरूद्वारा हामी शासित र शोषित भयौं ।

हाम्रा कलकलाउँदा युवाहरूलाई पराई मुलुकमा लखेट्ने काम भइरहेको छ । उनैले स्वदेश पठाउने गरेको विप्रेषणको भरमा देश मानौं थाकेको युग आफ्नै बोझ तान्दै घिस्रिँदै अघि बढिरहेको छ । अन्तर्राष्ट्रिय संस्था वित्तीय कारबाही कार्यदल (फाटफ) ले चेतावनी दिइसक्यो, नेपाल अब ग्रे-लिस्टबाट उम्कने अवस्था छैन । वित्तमन्त्रीले बजेट कस्तो बन्दैछ, त्यसबारे केही बोल्न असमर्थ रहेको देखिन्छ । जेन-जी आन्दोलनको ऐतिहासिक पृष्ठभूमिमा सारा देशले घण्टी बजायो ।

देश ब्युँतियो । निर्वाचन सम्पन्न भयो । परिवर्तनका आशातीत कुण्डली कोरिए तर वास्तविकताको आकाश अझै धुम्मिएको छ, देश बनाउने हुटहुटी लिएर हुर्केका नेपाल आमाका सन्तानहरू अझै पनि लाखौंको तादातमा आफ्ना अशक्त वृद्ध आमाबुवालाई आँगनको डिलमा टोलाउँदै बसेर आँसु झार्न बाध्य पारिरहेका छन्, जहाँ बुढ्यौलीलाई सहारा भन्दा बढी प्रतीक्षाको सजाय मिलिरहेको छ । देशका आशातीत कुण्डलीमा ग्रहगोचर हेर्दा हाम्रो टिलपिले संसारले तिम्रो झिलिमिली संसारभन्दा बढी सुखानुभूति दिइ नै रहेको छ ।

साभार : कारोबार दैनिक

# अमेरिकाको चीनप्रतिको 'नफरत कूटनीति'

✍शशिधर भण्डारी

विशेषत: प्रथम विश्वयुद्ध (सन् १९१४-१९१८) पश्चात् अमेरिका र चीनको सम्बन्ध केही उतार चढाव, केही आरोह-अबरोह र केही सन्देहको अवस्थामा गुज्रदै आएको छ । बरु द्वितीय विश्वयुद्ध (१९३९-१९४५) पछि हिन्दचीन भाइ-भाइको नारा लगाएर अंकमाल गरेका भारत र चीनका बीचमा सन् १९६२ मा युद्ध भइहाल्यो । तर आजसम्म अमेरिका र चीनका बीचमा प्रत्यक्ष लडाईं भएको छैन तर अदृष्य तवरमा यी दुई राष्ट्रका बीचमा चर्को अन्तर्विरोध छ । त्यसो त अमेरिका र चीन युद्धभन्दा तल र शान्तिभन्दा माथिको अवस्थाबाट गुज्रदै आएका छन् । द्वितीय विश्वयुद्धपश्चातको अमेरिका-चीन युद्ध कूटनीतिको इतिहास कम्ति चाखलाग्दो छैन । त्यही चाखलाग्दो अमेरिका चीन यात्रा कूटनीतिको निरन्तरताको अन्तिम कडी भरखरै सम्पन्न अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमण हो ।

भरखरै सम्पन्न भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमणको विषयमा चर्चा गर्नुभन्दा पहिले चीन र अमेरिका सम्बन्ध वैचारिक संघर्ष र यात्रा कूटनीतिको आयामसँग जोडेर हेर्नु नै सबभन्दा वान्छनीय हुन्छ र तथ्यहरुलाई बुझ्न मद्दत पुग्ने देखिन्छ । सन् १९२७ बाट चीनमा कम्युनिष्ट क्रान्ति गर्ने उद्देश्यले माओको नेतृत्वमा सशस्त्र संघर्ष सञ्चालन भएको थियो । यही बीचमा सन् १९३१ मा जापानले चीनको भू-भाग मञ्चुरियामाथि आक्रमण गर्‍यो र त्यो विशाल उर्बर भूमिमा आधिपत्य जमायो । एउटा बिरामी राष्ट्रको अवस्थामा रहेको चीनमाथि अन्य युरोपियन साम्राज्यवादी मुलुकहरु पनि शिर खोलिरहेका थिए । तर त्यतिबेला चीनमाथि मुख्य प्रभाव जापानी साम्राज्यवादको थियो । त्यसैले च्याङकाइसेकको प्रतिक्रियावादी सेना र माओले नेतृत्व गरेको कम्युनिष्ट पार्टीको लालसेना मिलेर जापानी साम्राज्यवादका बिरुद्ध लडेका थिए । यसका लागि दुईपटक कोमिङताङ कम्युनिष्ट संयुक्त मोर्चा बनेको थियो । प्राकृतिक स्रोतसाधनले सम्पन्न चीनमाथि एउटा सानो मुलुक जापानको साम्राज्यबाट अमेरिका पनि सन्तुष्ट थिएन । त्यतिबेला नै अमेरिकाको भित्री सपना चीनमा आफ्नो साम्राज्य कायम गर्ने, त्यसका लागि कोमिङताङ पार्टीको नेतृत्वमा आफ्नो कठपुतली सरकार गठन गर्ने थियो ।

त्यसैले तत्कालीन चिनियाँ कम्युनिष्ट पार्टीको जापानी साम्राज्यवाद विरुद्धको संघर्षप्रति अमेरिकाले सकारात्मक रुख अपनाएको थियो । तर, अमेरिकाको जापानी साम्राज्यवाद बिरुद्धमा चल्ने संघर्षको नेतृत्व च्याङकाइसेक नेतृत्वको कोमिङताङले गरोस् भन्ने थियो । तर अमेरिकाको चाहना विपरीत चिनियाँ कम्युनिष्ट पार्टीले नै जापानी साम्राज्यवादबिरुद्धको संघर्ष र कोमिङताङ प्रतिक्रियावाद बिरुद्धको सशस्त्र संघर्षमा नेतृत्वदायी भूमिका खेल्दै अगाडि बढ्यो र सफलताका सिंढीहरु चढ्दै गयो । जसको परिणाम सन् १९४९ मा चीनमा जनवादी क्रान्ति सम्पन्न भयो ।

च्याङकाइसेक नेतृत्वका कोमिङताङे सेना चीनको विशाल भू-भागबाट पराजित भई आजको ताइवान भन्ने सानो टापुमा जम्मा भयो सो सेनालाई जनमुक्ति सेनाले त्यहाँबाट लघारेनन् । त्यतिबेला ताइवानलाई फर्मोसा भनिन्थ्यो । च्याङकाइसेक त्यही सानो भूगोलमा राष्ट्रपति भएर शासन गर्न थाले । जनवादी चीन समाजवाद निर्माण प्रक्रियामा लाग्यो । अमेरिकाले माओत्सेतुङ नेतृत्वको विशाल चीनलाई एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र मान्न अस्वीकार गर्‍यो । अमेरिकाले आफ्नो कूटनीतिक सम्बन्ध च्याङकाइसेक नेतृत्वको ताइवानसँग कायम गर्‍यो । अमेरिकाको त्यतिबेलाको त्यस्तो निम्नस्तरको 'चीन नफरत कूटनीति' अन्तर्राष्ट्रिय राजनीतिको उदेकलाग्दो मजाक थियो ।

समाजवाद निर्माण प्रक्रियासँगै एउटा शक्तिशाली विशाल राष्ट्रका रुपमा चीनको उदय भयो । सन् १९५६ पछि मार्क्सवाद र संशोधनवादको सैद्धान्तिक बीचको सैद्धान्तिक मतभेदका कारण चीन र तत्कालीन सोभियत संघका बीचमा नयाँ अन्तर्विरोध सिर्जना भयो । अन्तर्राष्ट्रिय राजनीतिक रङमञ्चमा चीनलाई राष्ट्र नमान्ने ताइवान टापुलाई चीन मान्ने अमेरिकाको 'चीन नफरत कूटनीति' उपहासको विषय बन्यो । सन् १९५५ मा इण्डोनेसियाको वाङडुङमा भएको एसिया अफ्रिकी राष्ट्रहरुको अपनिवेशवाद बिरोधी सम्मेलनमा चीनका प्रस्तावहरुमाथि पड्केका समर्थनका तालीहरुको सूचनाले अमेरिकालाई बेचैन बनाउन थालिसकेका थियो ।

सन् १९६० को दशकमा एकातिर तत्कालीन सोभियत संघसित अमेरिकाको शीत युद्ध चर्कदै गयो । अमेरिकाले चीन मानेको ताइवान चीनको सुरक्षा छाता भन्दा माथि उठ्न सकेन । त्यस पश्चात अमेरिका चीनसँग सम्बन्ध विस्तार गर्ने र 'चीन नफरत कूटनीति' परित्याग गर्ने निष्कर्षमा पुग्यो । यो विचारका प्रस्तावक तत्कालीन अमेरिकी राष्ट्रपति निकसनका राजनीतिक सल्लाहकार जिम्मी कार्टर थिए । त्यतिबेला पाकिस्तानको अमेरिका र चीन दुबै देशसँग राम्रो सम्बन्ध थियो । अमेरिकी राष्ट्रपति निक्सनले चीनको भ्रमण गर्ने इच्छा राखेको सन्देश पाकिस्तानका तत्कालीन राष्ट्रपति अयुव खाँमार्फत् १९६९ मै चीन पठाइएको थियो । चीनले हरियो झण्डा देखाएपछि १९७१ म जिम्मी कार्टर रावलपिण्डी हुँदै 'केही समय कार्टर सूचना बाहिर रहे ।' अमेरिकामा कार्टर बिरामी भएको प्रचार गरियो । पाकिस्तानको मध्यस्थतामा सन् १९७२ मा निकसनले अमेरिका भ्रमण गरेका थिए । चिनियाँ कम्युनिष्ट पार्टीका नेता लिनसियाओले निकसनलाई चीन भ्रमणको स्वीकृति दिने प्रस्तावको विरोध गरेका थिए ।

२१ फरवरीदेखि २८ सम्म अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले अमेरिकाको भ्रमण गरेका थिए । चीनले साम्राज्यवादसँग चीन झुक्दैन, चीनले विश्व शान्ति चाहन्छ भन्ने प्लेकार्डसहित मध्यमस्तरको स्वागत गरेको थियो । त्यसपछि अमेरिकाकै प्रस्तावमा चीन संयुक्त राष्ट्र संघको सदस्य मात्र होइन सुरक्षा परिषद्कै सदस्य भएको थियो र एकचीन नीति स्वीकारेको थियो । यो नै अमेरिकी राष्ट्रपतिको पहिलो चीन भ्रमण थियो । यसपछि आजसम्म ८ जना अमेरिकी राष्ट्रपतिहरुले १५ पटक चीन भ्रमण गरेका छन् भने चीनका ४ जना राष्ट्रपतिले अमेरिकाको भ्रमण गरेका छन् ।

साभार : नयां युगबोध दैनिक

# मुख–महात्म्य

✍नरनाथ लुईटेल

हामीसंग अत्यन्त महत्वका धेरै वस्तुहरू छन् । मानव शरीरका अंग प्रत्यङ्गको पनि आ–आफ्नै महत्व रहिआएको छ । मान्छेसंग यस्ता महत्वपूर्ण कतिपय अंगहरू दुई–दुई प्रति छन्, राजश्व बुझाए पछि बैंकबाट प्राप्त हुने भौचर जस्तै । आंखा दुईटा छन्, कान दुईटा छन्, एउटै नाकका प्वाल दुईटा छन्, हात दुईटा छन्, खुट्टा दुईटा छन् । बाहिर देखिने मात्र होइन, सोझै आंखाले नदेखिने, टाउको भित्र मस्तिष्क दुईटा छन्, छातिभित्र मृगौला दुईटा छन्, फोक्सोका पनि दुईटा भाग हुन्छन्, मुटुभित्र पनि मूख्य दुईटा कोठा छन् । जे जति दुईटा कुरा छन् तिनीहरूले काम भने सिर्फ एक–एकवटै गर्छन् ।

हिजोआज उस्तै अप्ठेरो पऱ्यो भने एउटा मृगौला बेचेर वा एउटा मृगौला किनेर पनि शरीरको व्यवहार चलाउने चलन आएको छ । एउटै मात्र आखा, कान, वा एउटै मात्र खुट्टा र हातले पनि जीवन चलाउने मान्छेहरू भेटिन्छन् । तर सबै अंगमध्येको मुख धेरैधरै अर्थमा सबैभन्दा महत्वपूर्ण छ । आखिर मुख र मुखभित्रको जिब्रो एउटा–एउटा मात्र भयो किन ? अरू अंगहरूजस्तै मुख पनि दुईटा हुन्थ्यो भने सायद मान्छेले एउटा मुखले मीठो–मसिनु मात्रै खाने र अर्को मुखले कांचोकचिलो र रूखासुखा मात्र खाने गर्थ्यो कि ?

मुखले सबैभन्दा महत्वको काम खाने काम गर्दछ । केही कुरामा तलबितल परेर मुखले खाने काम बन्द गर्दियो भने अरू यावत् अंगका तमाम काम ठप्प भइहाल्छन् । यस्तो बेलामा आंखा फुस्रो हुन थाल्छ, कानले सुन्नै छोड्छ, पेटको जठ–रानल बलेर आफै डढ्न थाल्छ, कोकिलकण्ठबाट आवाज निस्कन छोड्छ, मुटुको गति ढिलो हुंदै जान्छ, फोक्सोले प्राण वायु लिन पनि गाह्रो मान्छ, नाकको घ्राणशक्ति घट्छ, अन्ततः सिगो शरीर मूडो लडेझैं एकै ठाउंमा लम्पसार भएर लड्न विवश हुन्छ ।

त्यसैले खञ्चुवा मुख आं गर्नासाथ अलंकार बुझ्न सकिन्छ । मुखले "जुस" मात्र होइन "घुस" पनि खान्छ, पोस लाग्ने ठोस मात्र होइन होस् उड्ने तरल पनि तन्काउंछ । सारसौदै आफन्तलाई स्वर्गको सिंढी उकाल्दै उसको अपुताली घिच्न जिब्रो लपल पाउंछ । कुनै मुख जाँड मात्रै खाँदैन, अस्पतालतिरका बिरामीहरूको ढाड भाँच्दै माड पिएर साँढ बन्ने पनि गर्छ । कुनै मुख काँचो रगतमा रमाउँछ, कुनै मुख मासुकै खाचोलाई आपूर्ति गर्न उद्यत छ । कुनै मुख भारुले भरिन मन पराउंछ भने कुनै मुख डलर र दारु डकार्नमै बेफुर्सद छ । 'मुख अनुसारको मुला' भनेको यही हो ।

त्यसो त 'खाने मुखलाई जुंगाले छेक्दैन', छेक्नै सक्दैन । जुंगा–दारी जाबोको के कुरा गर्ने ? खाने मुख लाई न झण्डाले छेक्छ, न डण्डाले । खाने मुखलाई न त नीतिले छेक्छ न नैतिकताले नै । खाने मुखको सम्बन्ध सोझै भुँडीसंग छ । भुँडी भर्नकै लागि मुख सुरक्षा बन्दछ । नैतिकरूपले असाध्य ठूलठूलो आदर्शको कुरो र भौतिकरूपले जुठोपुरो नै किन नहोस् मुखले खान पायो भने पुर्पुरो ठोक्छ । पेट गलगित्त भए पनि मुखले हसुर्न छोड्दैन । घिच्नु, हर्सुनु, हाब्रो भर्नु र लेग्रो ठड्याउनु मुखको मूलभूत र मौलिक धेय हो । यही धेयलाई पूरा गर्न मुख धुमधामसंग धद्धाइर हन्छ । जतिसुकै सानो कुरा होस् 'हातिका मुखमा जिरा' हुंदैन । जतिसुकै ठूलो कुरा होस्, 'बोकाका मुखमा कुभिण्डो' पनि हुँदैन ।

मुखमा पऱ्यो कि घांटीभित्र छिऱ्यो । खाने क्रममा मुखले दार्नु, लुछ्नु, चपाउनु, टोक्नु, दांत गाड्नु, चाट्नु, चुस्नु, तान्नु, तन्काउनु, ठाडो घाँटी लगाउनु, हसहस हसुर्नु, सुरुप सुरुप पार्नु, चिरिपचिरिपसंगै झिरिप पार्नु, गोजेरो भर्नु, सुर्क्याउनु, घिच्नु, थैलो भर्नु, भाुडी डम्मपुयाउनु, बुत्याउनु, सिध्याउनु, लादी भर्नु आदित्यादि सबै कार्य सम्पन्न गर्दछ । यसो नगरी मान्छेका अरू कुनै अंगमा रङ चढ्दैन, जांगर आउँदैन । अरू त अरू भैहाल्यो स्वयम् मुखसमेत बाउन सक्दैन ।

मुखका निम्ति खानुजत्तिकै महत्वको दोस्रो कुरा पनि छ । बकबक गर्ने मुखको मौलिक विशेषताका बारेमा चर्चा नगर्ने हो भने यो मुखमहिमा अधुरै रहन्छ । चाहिंदा नचाहिंदा कुरा बोल्नु, बोलेकै भरमा कसैलाई पोल्नु, पोल्दापोल्दै कसैको इज्जत खोल्नु, कसैलाई पेल्नु, कसैलाई ठेल्नु, घच्याट्नु, हेप्नु, दपेट्नु अनि कसैलाई मायां गर्दै सुरक्षाको छाया दिनु, चाकरी र चाप्लुसीको निम्ति चिल्लो घस्नुजस्ता काम पनि मुखका महत्वपूर्ण क्रियाकलापभित्रै पर्दछन् । मौका नपर्दा म्याउ गर्ने मुख मौका पर्नासाथ होक्का गर्न थाल्छ । बोलाई र गराईमा भेट नखाए पनि जेट विमानझैं भाषण गर्न रूचाउने नेताको बकबके मुख यसैको सानोतिनो उदाह–रण हो ।

अर्काको नून खाएर गुन तिर्न औधी सिपालु हुन्छ मुख । कुनै मुख छन् फेरि चेपारो पारीपारी अरूलाई उल्क्याउने, त्यसरी उल्क्याउंदा उल्क्याउंदै चालै नपाई सुल्क्याउने । चेपारो मुखले सुल्क्याइ सकेपछि सुल्किने मनुवा पाहा पछारिएझैं पछारिंदा मात्र थाहा पाउंछ । मुखले बिराउंछ तर ज्यानले दुःख पाउने पनि भइरहेको छ । आवेगमा आई मुख सम्हाल्न नसक्दा घिच्रो छिनेका घटना पनि प्रशस्तै छन् । मुखैका कारण कतिको जिब्रो लुछिएको छ त कतिको गाला ताछिएको पनि छ ।

आखिर यसरी चाहिंदो नचाहिंदो बकबक गर्ने र चाहिंदो नचाहिंदो हसुर्ने सिर्फ एउटै मुख हो । एउटै मुख हुँदा त मान्छेको महत्वा–काक्षालाई यति बिघ्न टेकोपुंडो गरि रहेको छ भने दुई तीनवटा मुख हुँदा हुन् त मान्छे बजियाको फूर्ति कति चुलिने थियो होला, सजिलै अन्दाज गर्न सकिन्छ । त्यसकारण मुखको महत्वका बारेमा वर्णन गर्न हज्जार जिब्रा भएका शेषनागले त सक्दैनन् भने मेरो सिर्फ एक मात्र जिब्रो भएको जाबो मुखले वर्णन गर्न के सक्दो होला खै ?

: समाप्त :

कलंकी, काठमाडौं

## सामाजिक सुरक्षाभत्ताका लाभग्राही ६८ प्रतिशत् बढे

काठमाडौं/नेपालमा सामाजिक सुरक्षाभत्ता लिने लाभग्राही र सरकारी खर्च दुवै तीव्ररुपमा बढेको छ । पछिल्लो १० वर्षमा सामाजिक सुरक्षाभत्ता कार्यक्रममा लाभग्राहीको संख्या ६८ प्रतिशत् वृद्धि भएको छ भने खर्च ५ सय ९२ प्रतिशत् बढेको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७२/०७३ मा सामाजिक सुरक्षाभत्ता लिने लाभग्राहीको संख्या २२ लाख ६५ हजार ५ सय ३५ रहेकोमा आर्थिक वर्ष २०८१/०८२ सम्म आइपुग्दा उक्त संख्या बढेर ३८ लाख ६ हजार ६ सय ३४ पुगेको छ ।

# दुर्घटनामध्ये आधाभन्दा बढी तीव्रगतिका कारण




काठमाडौं/बैशाख महिनामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामध्ये आधाभन्दा बढी तीव्रगतिका कारण भएको पाइएको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार बैशाख महिनामा देशभर दुई हजार २ सय ९४ दुर्घटना भएकामा एक हजार २ सय ५३ दुर्घटना तीव्रगतिका कारण भएको थियो ।

उक्त अवधिमा १ सय ३७ दुर्घटना चालकको असक्षमता, १ सय ३३ दुर्घटना हतारमा बाटो काट्नु, १ सय १२ दुर्घटना मादकपदार्थ सेवन तथा ४६ वटा दुर्घटना अनावश्यक ओभरटेकका कारण भएका थिए । दुर्घटनामा १ सय ५८ पुरुष, ५४ महिला र २७ बालबालिका गरी २ सय ३९ जनाको मृत्यु भएको प्रहरी तथ्यांक छ । ती दुर्घटनामा ७ सय ५२ जना गम्भीर तथा तीन हजार २ सय २० जना सामान्य घाइते भएका छन् ।

बैशाख महिनामा ट्राफिक नियम उलंघन गर्नेविरुद्ध एक लाख ३७ हजार ९४ वटा कारबाही भएको छ भने सोबापत् ११ करोड ८२ लाख ७४ हजार १ सय ८९ राजस्व असुली भएको छ । उक्त अवधिमा भएका ती दुर्घटनामा तीन हजार ३ सय ३४ सवारीसाधन संलग्न भएका थिए । सबभन्दा बढी दुईपांग्रे सवारीसाधन दुर्घटनामा परेका थिए ।

साँझ ६ देखि राति १२ बजेसम्म सबभन्दा बढी दुर्घटना हुने गरेको पाइएको छ । उक्त समयमा ८ सय ५९ दुर्घटना भएका थिए । मध्याह्न १२ देखि साँझ ६ बजेसम्म ८ सय ५०, विहान ६ देखि मध्याह्न १२ बजेसम्म ५ सय ६ तथा मध्य–राति १२ बजेदेखि विहान ६ बजेसम्म ७८ वटा दुर्घटना भएको प्रहरी तथ्यांकले जनाएको छ । पछिल्लो २४ घण्टामा देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने ९४ जना घाइते भएका छन् । बागमती प्रदेशमा दुई र काठमाडौं उपत्यकामा एक जनाको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# चुरेक्षेत्र संरक्षणका लागि मागियो पर्याप्त बजेट



काठमाडौं/चुरेक्षेत्रको संर–क्षणका लागि पर्याप्त बजेटको व्यवस्था गर्न सरकारसँग माग गरिएको छ । पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी उक्त माग गरेको हो । शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि गुणस्तरीय सेवा दिने गरी आवश्यक बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गरिएको अभियानका संयोजक नरेन खतिवडाले बताए ।

संयोजक खतिवडाले सरकारले जैविक कृषि, पर्यापर्यटन, घरेल तथा साना उद्योग, वन, नवीकरणीय ऊर्जा र सूचनाप्रविधिलगायत क्षेत्रमा वार्षिक ५ लाख रोजगारी तथा स्व–रोजगारी सुनिश्चित हुने गरी पर्याप्त बजेट विनियोजन गर्न पनि सरकारलाई आग्रह गरिएको बताए ।

उनले भने–लोकतान्त्रिक, समुदाय केन्द्रित, प्रकृतिमैत्री तथा मानवीय आवश्यकताबमोजिम विकास मोडल निर्माणका लागि बजेट विनियोजन गरियोस् । वातावरणीय प्रभाव मूल्यांकनलाई केवल औपचारिकमामात्र सीमित नगरी वातावरणीय सुरक्षा, सुनिश्चित भएको योजनालाई मात्र पुँजीगत् बजेट छुट्ट्याइयोस् । मधेश र समग्र देशको जीवनसँग जोडिएको चुरेक्षेत्रको दीगो संरक्षण, सम्वर्द्धन र पुनर्स्थापनाका लागि पर्याप्त बजेट विनियोजन गरियोस् ।

शिक्षा र स्वास्थ्य नागरिकको मौलिक हक भएकाले आगामी बजेटको कुल राष्ट्रिय बजेटको कम्तिमा २० प्रतिशत् शिक्षामा र १० प्रतिशत् स्वास्थ्य क्षेत्रमा विनियोजन गरी सार्वजनिक शिक्षा र स्वास्थ्यलाई गुणस्तर बनाइयोस् । जैविक कृषि, पर्यापर्यटन, घरेल तथा साना उद्योग, वन, नवीकरणीय ऊर्जा र सूचनाप विधिलगायत क्षेत्रमा वार्षिक ५ लाख रोजगारी तथा स्वरोजगारी सुनिश्चित हुने गरी पर्याप्त बजेट विनियोजना गरियोस् । अभियानले सरकारले वातारणीय सुरक्षा सुनिश्चित भएका योजनामा मात्र बज्ञजेटको व्यवस्था गर्नुपर्नेमा पनि जोड दिएको छ ।

# म नेतृत्व छाड्दिन

काठमाडौं/नेकपा (एमाले) अध्यक्ष केपी शर्माओलीले जारी सचिवालय बैठकमा आफूलाई नेतृत्वबाट हटाउन खोजिएको भए कुन विधि र प्रक्रियाबाट हटाउने भन्ने प्रश्न उठाएका छन् ।

आफूनिकट नेताहरु नै पार्टी पुनर्गठनको पक्षमा खुलेपछि दबाबमा परेका ओलीले बहुसंख्यक सचिवालय सदस्यहरुको धारणा सुनिसकेपछि यस्तो प्रश्न उठाएको बैठकमा सहभागी एक नेताले बताएका छन् ।

जेठ ४ गतेदेखि जारी सचिवालय बैठक आइतबार पनि बसेको थियो । बैठकमा अध्यक्ष ओलीले जवाफ दिने कार्यसूची बाँकी छ । अन्य सचिवालय सदस्यहरुले धारणा राख्ने क्रममा ओलीले बीचबीचमा आफ्नो प्रतिक्रिया पनि दिइरहेका छन् ।

बैठकमा ओलीले भनेका थिए–मलाई हटाउने हो भने कुन विधिबाट कसरी हटाउने ? राष्ट्रिय महाधिवेशन भएको ६ महिना पनि भएको छैन । फेरि राष्ट्रिय महाधिवेशन गर्ने कुरा त नहोला, विशेष महाधिवेशन गर्नुपर्ने होला । तीन महिनाअघि भएका तहगत् अधिवेशनको अवस्था के हुन्छ ?

यसबीच अध्यक्ष ओलीले आफू केन्द्रीय कमिटी बैठक फेस गर्न तयार रहेको संकेतसमेत दिएका छन् । 'मलाई हट्नुपर्छ भन्ने हो भने केन्द्रीय कमिटी बैठकमा जाऔं । एकएक केन्द्रीय सदस्यसँग म पनि कुरा गर्छु,' उनले भने ।

शनिबारको बैठकमा ओलीले सचिवालय सदस्यहरुलाई आफूलाई धेरै नसम्झाउन पनि आग्रह गरेका थिए । 'किन सम्झाउँदै हुनुहुन्छ ? मलाई नसम्झाउनूस् ।

तपाईंहरुले सम्झाउनुपर्दैन । म नेतृत्व छाड्दिनँ,' ओलीको भनाइ उद्धृत् गर्दै एक पदाधिकारीले भने । ओलीले पार्टीलाई पुनः पुरानै अवस्थामा फर्काउन आफू सक्षम रहेको दाबीसमेत गरेका छन् । 'पार्टीलाई फेरि पुरानो अवस्थामा ल्याउँछु । यसको नेतृत्व फेरि पनि मैले नै गर्नुपर्छ,' उनले भनेका थिए ।

बैठक लम्बिँदै गएको भन्दै ओलीले छिट्टै निष्कर्षमा पुग्न आग्रह गरेपछि शनिबार पृथ्वीसुब्बा गुरुङले प्रतिवाद गरेका थिए ।

# महिला उद्यमीहरूलाई नेटवर्क र लगानीसँग जोड्ने योजना




काठमाडौं/विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले नेपालसहित उदीयमान बजारका महिला उद्यमीहरूलाई अन्तर्राष्ट्रिय नेटवर्क र लगानी अवसर सँग जोड्ने उद्देश्यले 'अरोरा भेञ्चर्स' (Aurora Ventures) नामक नयाँ लगानी कार्यक्रम सार्वजनिक गरेको छ । महिला संस्थापकहरूले लगानी प्राप्त गर्ने क्रममा भोगिरहेका चुनौती न्यूनीकरण गर्ने लक्ष्यसहित कार्यक्रम अघि बढाइएको कम्पनीले जनाएको छ ।

यो घोषणा चिलीको स्यान्टियागोमा सम्पन्न "अरोरा टेक अवार्ड २०२६" (Aurora Tech Award 2026) को समापनसँगै गरिएको हो । यस वर्षको अवार्डमा उदीयमान बजारबाट ३ हजार ४ सय आवेदन परेको थियो, जसमध्ये उत्कृष्ट १० महिला संस्थापक छनोट भएका छन् । सन् २०२१ मा भने उक्त अवार्डमा केवल ११६ आवेदन परेको थियो ।

सन् २०२६ को अरोरा टेक अवार्डअन्तर्गत उत्कृष्ट १० महिला संस्थापकहरूमा नाइजेरियाकी अडेओला आयोओला, कोलम्बियाकी एञ्जेला अकोस्टा चिलीकी मारिया कावास ब्राजिलकी मारियाना जुलियानी कोलम्बियाकी मर्सिडिज बिडार्ट केन्याकी पेनी मुसेंगी रहेका छन् ।

कम्पनीका अनुसार 'अरोरा भेन्चर्स' प्रारम्भिक चरणका महिला नेतृत्व भएका स्टार्टअपहरूलाई सहयोग गर्ने उद्देश्यले सुरु गरिएको लगानी कार्यक्रम हो । "अरोरा टेक अवार्ड" मार्फत् पछिल्लो पाँच वर्षमा संकलन गरिएको तथ्यांक तथा अनुसन्धानका आधारमा कार्यक्रम तयार गरिएको जनाएको छ ।

अरोरा भेन्चर्सले प्रि–सिड तथा सिड चरणका व्यवसायहरूमा १ लाख ८० हजारदेखि २ लाख ५० हजार अमेरिकी डलरसम्म लगानी गर्ने लक्ष्य राखेको जनाएको छ । कम्पनीका अनुसार अरोरा टेक अवार्डको नेटवर्कमार्फत् उच्च सम्भावना भएका स्टार्टअपहरूलाई प्रारम्भिक चरणमै पहिचान गरी लगानी गरिनेछ ।

अरोरा भेन्चर्सकी हेड इजाबेला घास्सेमी(स्मिथले महिला संस्थापकहरूलाई भेन्चर क्यापिटल क्षेत्रमा अझै पर्याप्त अवसर उपलब्ध नभएकाले यस्तो पहल आवश्यक भएको बताइन् । उनले भनिन्, "पछिल्ला पाँच वर्षमा हामीले एउटै अवस्था दोहोरिएको देख्यौं । धेरै महिला उद्यमीहरूले बलियो व्यवसाय निर्माण गरिरहेका छन्, तर उनीहरूले आफ्नो कामअनुसार को लगानी समयमै पाउन सकेका छैनन् । उनले अरोरा टेक अवार्डअन्तर्गत छनोट भएका उत्कृष्ट १० महिला संस्थापकहरूको सफलता कथाले कार्यक्रमले सहयोग गर्न खोजेका स्टार्टअपहरूको स्तर स्पष्टरूपमा देखाएको बताइन् ।

इनड्राइभका चीफ ग्रोथ बिजनेसेस अफिसर एन्ड्रिज स्मिटले कम्पनीले सुरुवाती चरणमा भोगेको संघर्ष अहिले महिला उद्यमीहरूले पनि सामना गरिरहेको बताए । उनले भने, "इनड्राइभले सीमित स्रोतसाधनका बीच ठूला प्रतिस्पर्धीसँग प्रतिस्पर्धा गर्दै आफ्नो यात्रा सुरु गरेको थियो । अहिले उदीयमान बजारका महिला संस्थापकहरूले पनि यस्तै चुनौती सामना गरिरहेका छन् ।

नेपालजस्ता उदीयमान डिजिटल बजारका लागि पनि अरोरा भेन्चर्स जस्ता कार्यक्रमले महिला उद्यमशीलता तथा स्टार्टअप संस्कृतिलाई थप प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ । विशेषगरी प्रविधि क्षेत्रमा कार्यरत नेपाली महिला उद्यमीहरूले अन्तर्राष्ट्रिय लगानीकर्ता तथा नेटवर्कसँग जोडिने अवसर पाउने विश्वास गरिएको छ ।

# चिकित्सकको सम्मेलन चितवनमा




चितवन/नेपाल चिकित्सक संघले जेठ १६ र १७ गते चिकित्सक सम्मेलन आयोजना गर्ने भएको छ । आधुनिक, सुलभ, किफायती र समान स्वास्थ्य सेवाका लागि नवप्रवर्तन मार्फत् प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण नारासाथ संघले ३० औं सम्मेलन वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा गर्न लागेको हो ।

संघ अध्यक्ष डा. अनिल विक्रम कार्कीका अनुसार सम्मेलनमा भारत र चीनका विशेषज्ञ चिकित्सक सहित विश्व स्वास्थ्य संगठनका प्रतिनिधिहरु कार्यक्रममा सहभागी हुनेछन् । विश्व मेडिकल एसोसिए–सनका विज्ञहरुको भिडियो प्रस्तुतिक–रण रहनेछ । देशभरबाट प्रतिनिधि मूलकरुपमा चिकित्सकहरु सहभागी हुनेछन् । अध्यक्ष डा. कार्कीका अनुसार सम्मेलनमा चार वटा समूहगत् छलफल गरिनेछ । कार्यक्रममा ६० कार्यपत्र र अन्य वैज्ञानिक प्रस्तुतिकरणसहित गरी १ सयभन्दा बढी प्रस्तुतिकरण हुने उनले बताए ।

सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बीमा र मानव संसाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरु सञ्चालन गरिने उनले बताए । हरेक दुई वर्षमा हुँदै आएको कार्यक्रम १२ वर्षयता तीन वर्षमा गर्न थालिएको छ । उनका अनुसार नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धि चुनौती समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिनेछ । यस पटकको सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधार भुत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कार हरुलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक सत्रहरु सञ्चालन हुने अध्यक्ष डा. कार्कीले जानकारी दिए ।

# कर्णालीमा २१ प्रतिशत् धेरै बालविवाह

सुर्खेत/कर्णाली प्रदेशमा बालविवाहविरुद्ध थुप्रै अभियानहरु सञ्चालन हुँदै आएका भए पनि बढ्दो बालविवाह चुनौतीपूर्ण बन्दै गएको छ । कर्णालीमा २१ प्रतिशत्भन्दा धेरैको संख्यामा बालविवाह हुने गरेको तथ्यांकले देखाएका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार १८ वर्ष नपुग्दै विवाह गर्नेको दर कर्णालीमा २१.१ प्रतिशत् पुगेको छ । कर्णालीको कुल जनसंख्या १६ लाख ८८ हजार मा बालबालिकाको संख्या ४० प्रतिशत् छ ।

नेपालमा कर्णाली प्रदेश बालविवाह हुनेमा दोस्रो स्थानमा छ । कर्णालीमा २० वर्ष नपुग्दै विवाह गर्ने दर महिलामा ५५.६ प्रतिशत् पुगेको छ भने पुरुषमा २९.२ प्रतिशत् छ । १८ वर्षअघि विवाह गर्ने दर २०.१ प्रतिशत् र २० वर्षअघि विवाह गर्ने दर ४३.६ प्रतिशत् पुगेकाले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने दीगो विकास लक्ष्य पूरा गर्न चुनौती थपिएको देखिन्छ ।

नेपाल बहुसूचकांक क्लस्टर सर्वेक्षण २०२४–२५ अनुसार २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत् महिलाले १८ वर्षअघि नै विवाह गरि सकेका छन्, जुन राष्ट्रिय औसतभन्दा धेरै हो । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ ले कर्णालीमा उमेर नपुग्दै गर्भधारण गर्ने बालिकाको दर २१ प्रतिशत् पुगेको देखाएको छ । प्रदेशमा अपांगता भएका बालबालिकाको प्रतिशत् १.९ छ, जुन देशकै सबभन्दा बढी हो । बालमैत्री शासन प्रवर्द्धनमा समेत प्रगति सुस्त छ । ७९ स्थानीय तहमध्ये १३ स्थानीय तहका ३० वडामात्र बालमैत्री वडा घोषणा भएका छन् भने हालसम्म एउटा पनि स्थानीय तह पूर्णरुपमा बालमैत्री घोषणा हुन सकेको छैन ।

बालविवाह रोकथामका लागि सुर्खेत, दैलेख र कालीकोटमा बाल हेल्पलाइन १०९८ सञ्चालनमा छन् । गत आर्थिक वर्षमा ९९ बालविवाह रोकिएको तथ्यांक भए पनि प्रहरीमा जम्मा दुई वटामात्र उजुरी दर्ता हुनु कानुनी कार्यान्वयन कमजोर रहेको संकेतका रुपमा हेरिएको छ । राष्ट्रिय मानवअधिकार आयोगद्वारा आयोजित *बालविवाहले मानवअधिकारमा पार्ने प्रभाव* विषयक परामर्श कार्यक्रममा प्रदेशसभा सदस्यहरुले कर्णालीमा बालविवाह सामाजिक तथा मानवअधिकारको गम्भीर समस्याका रुपमा कायम रहेको स्वीकार गरेका छन् ।

कर्णाली प्रदेशसभा सभामुख नन्दा गुरुङले संविधानले बालबालिकालाई सुरक्षित, सम्मानित र अवसरयुक्त जीवनको अधिकार सुनिश्चित गरेपनि व्यवहारमा अझै चुनौती रहेको बताइन् । 'बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, आत्मनिर्णय र सम्मानपूर्वक बाँच्न पाउने अधिकारमाथि प्रत्यक्ष असर गरेको छ,' उनले भनिन्–बालविवाह बालबालिकाको भविष्यसँगै समग्र समाजको विकासमा बाधक बनेको छ । प्रदेशसभा उपसभामुख यशोदा न्यौपानेले कर्णालीमा बालविवाहको दर घटाउन चुनौती भएको भन्दै बालबालिकाको शिक्षा, स्वास्थ्य, स्वतन्त्र निर्णय क्षमतामा असर गरेको बताइन् ।

राष्ट्रिय मानवअधिकार आयोगकी आयुक्त लिली थापाले आयोगले बालविवाहसम्बन्धि राष्ट्रिय जाँचबुझ अघि बढाइरहेको जानकारी दिइन् । कानुन कार्यान्वयनसँगै शिक्षा, जनचेतना, महिला सशक्तीकरण र समुदायस्तरीय अभियान प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् ।

## माइग्रेसन हराएको सूचना

यही २०८२ साल माघ २१ गते हेटौंडाबाट काठमाण्डौ जादा मेरो निम्न व्यवहोरा भएको +2 पास गरेको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल दिइएको सम्पर्क नम्बरमा जानकारी गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।


| | |
|---|---|
| **नाम** | : सन्देश चौलागाइ |
| **ठेगाना** | : हेटौडा–६, मकवानपुर |
| **रजिष्ट्रेशन नं.** | : 783310100035 |
| **सिम्बोल नं.** | : 83300037.o |
| **सम्पर्क नम्बर** | : ९८४५०९५५०५.९८६५०७९९३६ |








आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।

सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# बागमती‌को नीति तथा कार्यक्रम आज ल्याइदै

सन्देश संवाददाता

हेटौडा/बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम आज ल्याइने भएको छ। आज बस्ने प्रदेशसभामा सरकारको नीति तथा कार्यक्रम पेस गर्ने गरी बैठक आह्वान गरिएको छ।

आज मङ्गलबार साँझ ५ बजेट बस्ने बैठकमा प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछन् । उक्त बैठकमा सबै सांसदहरूलाई औपचारिक पोसाकमा निर्धारित समयभन्दा १५ मिनेट अगाडि उपस्थित हुन निर्देशन गरिएको छ।

संसद्मा पेस गर्ने गरी सरकारको नीति तथा कार्यक्रम मन्त्रिपरिषद् बैठकले पारित गरेको छ। प्रदेश सरकारको सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरेको हो।



बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार आज मङ्गलबार साँझ ५ बजे बस्ने प्रदेशसभाको बैठकमा पेस गर्ने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गरिएको हो।

बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयले पेस गरेको बागमती प्रदेश सहरी नीतिलाई सरकारले स्वीकृत गरेको छ।

यसैगरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ल्याएको 'जीवनाशक विषादी व्यवस्थापन' सम्बन्धी विधेयकलाई थप छलफलका लागि सम्बन्धित समितिमा पठाउने निर्णय भएको छ।

मन्त्रिपरिषद् बैठकले कृषि सहुलियत कर्जा ब्याज अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ को मस्यौदालाई मन्त्रिपरिषद्को समितिमा पठाउने निर्णय गरेको मन्त्री तामाङले बताए।

उक्त कार्यविधिले विभिन्न कृषि उद्योग तथा व्यवसायहरूलाई प्रवर्द्धन गर्न ऋण उपलब्ध गराउने र सो बापतको ब्याज अनुदान दिने व्यवस्था गरेको उनले बताए।

उनका अनुसार बैठकले स्वास्थ्य मन्त्रालयको प्रस्तावमा तयार पारिएको प्रदेश जनसङ्ख्या नीति २०८३ लाई पनि अध्ययन र परिमार्जनका लागि समितिमा पठाउने निर्णय गरिएको छ।

खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले प्रदेशको विद्युत् विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेस गर्नका लागि स्वीकृति प्रदान गरेको उनले बताए।

# शेषको नेतृत्वमा अध्यक्षतामा संगीत रोयल्टी समिति

सन्देश संवाददाता

**काठमाडौं/सरकारले संगीत रोयल्टी, प्रतिलिपि अधिकार तथा बौद्धिक सम्पत्तिसम्बन्धि विवाद, गुनासा र प्रणालीगत् समस्या अध्ययन गर्न जाँचबुझ समिति गठन गरेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ध्यानाकर्षणपछि हेटौंडाका लक्ष्मण बिडारी (शेष) को अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरेको हो।**

बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मन्त्रीस्तरीय निर्णयमार्फत् उक्त समिति गठन गरेको मन्त्री खड्ग–राज पौडेलको सचिवालयले जानकारी दिएको हो। समितिमा सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत् सूचना तथा प्रसारण विभाग प्रमुख, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयकी रजिष्ट्रार सबिता कार्की र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत् पुरातत्व तथा सम्पदा शाखा प्रमुख सुभद्रा भट्टराई सदस्य छन्।

समितिको सदस्यसचिवका रुपमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति शाखा उपसचिव निर्मला न्यौपाने छन्। मन्त्रालयले समितिलाई गठन भएको मितिले १० दिनभित्र आवश्यक सिफारिससहित प्रतिवेदन पेस गर्न कार्यादेश दिएको छ। गीतसंगीत क्षेत्रसँग सम्बन्धित स्रष्टा, सर्जक,




कलाकार तथा अन्य अधिकारवालाको बौद्धिक सम्पत्ति चोरी, प्रतिलिपि अधिकार हनन्, अनधिकृत प्रयोग, डिजिटल तथा भौतिक माध्यमबाट हुने उलंघनका घटनाको सत्यतथ्य जाँचबुझ गरी आवश्यक कारबाही तथा सुधारका लागि सिफारिस गर्ने समितिलाई जिम्मेवारी दिइएको छ।

समितिले संगीत रोयल्टी संकलन तथा वितरण प्रणाली, सामूहिक व्यवस्थापन संगठनहरु तथा अन्य सम्बन्धित संस्थाहरुको कार्यसम्पादन कानुनसम्मत्, पारदर्शी, प्रभावकारी तथा न्यायोचित भए वा नभएको अध्ययन गर्नेछ। संकलित रोयल्टी रकमको निर्धारण, संकलन, अभिलेखीकरण, व्यवस्थापन तथा वितरण प्रक्रिया पारदर्शी, प्रमाणमुखी तथा न्यायोचित भए वा नभएको जाँचबुझ गरी आवश्यक सुधारका उपाय सिफारिसको काम पनि समितिको हुनेछ।

गीतसंगीत उद्योगको समग्र विकास, बजार विस्तार, डिजिटल प्रविधिको सुरक्षित तथा पारदर्शी प्रयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपाली संगीतको पहुँच अभिवृद्धि तथा स्रष्टा, कलाकार, उत्पादक, वितरक, व्यवसायी र उपभोक्तासमेत सबै सरोकारवालाको हित संरक्षणका लागि आवश्यक नीतिगत्, कानुनी तथा संस्थागत् सुधारका उपायहरुसमेत पनि समितिले सिफारिस गर्ने जनाइएको छ। सरकारी निकाय, सार्वजनिक संस्थान, प्रसारण संस्था, डिजिटल माध्यम, होटल, रेष्टुराँ, यातायात, कार्यक्रम आयोजक तथा निजीक्षेत्रबाट संगीत प्रयोग भएबापत् रोयल्टी संकलन गर्ने वर्तमान प्रणाली अध्ययन गरी त्यसलाई प्रभाव–कारी, एकीकृत तथा व्यवस्थित बनाउने उपायहरु समितिले सिफा–रिस गर्नेछ।

रेडियो नेपाल, नेपाल टेलिभिजन, रत्न रेकर्डिङ संस्थालगायत सरकारी वा सार्वजनिक निकायबाट उत्पादित वा प्रसारित गीतसंगीतको आर्थिक तथा नैतिक अधिकार, स्वामित्व, प्रयोग तथा रोयल्टीसम्बन्धि व्यवस्थाको अध्ययन गरी आवश्यक सुझाव पनि समितिले दिनेछ। समितिले सामूहिक व्यवस्थापन संगठनहरुको दर्ता, सञ्चालन, नियमन, अनुगमन तथा उत्तरदायित्वसम्बन्धि व्यवस्था अध्ययन गरी प्रभावकारी नियामकीय संरचना निर्माणका लागिसमेत सुझाव दिनेछ भने प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संस्थागत् क्षमता अभिवृद्धि, अभिलेखीकरण, डिजिटल अनुगमन, प्रविधिमैत्री सेवा तथा नियामकीय प्रभावकारिता बढाउने सम्बन्धमा पनि समितिले सुझाव तयार गर्नेछ।

रोयल्टी संकलन तथा वितरण प्रक्रियालाई पारदर्शी, विश्वसनीय तथा प्रविधिमैत्री बनाउन केन्द्रीय डिजिटल प्रणाली, सफ्टवेयर आधारित निगरानी प्रणाली तथा डिजिटल अभिलेखीकरण प्रणाली विकासका लागि समितिको भूमिका रहनेछ। गीतसंगीत क्षेत्रसँग सम्बन्धित स्रष्टा, उत्पादक, वितरक, प्रसारण संस्था, डिजिटल माध्यम तथा अन्य सरोकारवालाबीच विद्यमान द्विपक्षीय वा बहुपक्षीय विवाद तथा गुनासाको अध्ययन गरी समाधानका उपायहरु सिफारिस गर्नेछ। समितिले प्रतिलिपि अधिकार ऐन, २०५९, प्रतिलिपि अधिकार नियमावली, २०६१ तथा सम्बन्धित कानुनहरुमा समयानुकूल संशोधन, परिमार्जन तथा सुधार गर्नुपर्ने विषयहरुको अध्ययन गरी सुझाव दिनेछ।

# पर्यटनमा 'भ्यालु र 'भोल्युम' दुवै सँगै

सन्देश संवाददाता

काठमाडौं/नेपाल पर्यटन बोर्डले आगामी पाँच वर्षका लागि पर्यटन प्रवर्द्धन कार्ययोजना सार्वजनिक गरेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) अन्तर्गत् दीगो पर्यटन परियोजनाको सहयोगमा तयार पारिएको अन्तर्राष्ट्रिय बजार रणनीति तथा कार्ययोजना (२०२६–२०३०) सोमबार सार्वजनिक गरिएको हो।

प्रस्तावित रणनीतिले नेपालको पर्यटन क्षेत्रलाई परम्परागत् संख्यात्मक वृद्धिको सोचबाट माथि उठाइ गुणात्मक मूल्य र सेवाकेन्द्रित विकासमा रुपान्तरण गर्ने लक्ष्य राखेको छ। पर्यटन प्रवर्द्धनलाई थप व्यवस्थित र वैज्ञानिक बनाउन रणनीतिले ६ वटा मुख्य स्तम्भ निर्धारण गरेको छ। संस्थागत् क्षमताको सुदृढीकरण, नेपाल ब्राण्डको पुनर्स्थापना, पर्यटन उत्पादनको विविधीकरण, उद्योग सहकार्य र साझेदारी, डिजिटल एकीकरण तथा गुणस्तर सुनिश्चितता जस्ता क्षेत्रहरुलाई प्राथमिकतामा राखिएको छ।

नेपाललाई वर्षैंभरि भ्रमण गर्न योग्य देशका रुपमा चिनाउने र पर्यावरणमैत्री पर्यटन प्रवर्द्धनका लागि ग्रीनटिक जस्ता प्रमाणीकरण प्रणाली लागु गर्ने योजनासमेत रणनीतिमा समावेश छन्। डिजिटल बजारीक–रणका क्षेत्रमा यस कार्ययोजनाले विशेषत: चिनियाँ डिजिटल प्लेटफर्म जस्तै जियाओहोङसु, दोयिन र विच्याटमा नेपालको उपस्थिति बढाउन विशेष जोड दिएको छ।

पर्यटन बोर्डका हालका वेबसाइटहरुलाई एकीकृत गरी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिको सहयोगमा थप उपभोक्तामैत्री बनाउने लक्ष्य राखिएको छ। योग्यतामा आधारित जनशक्ति नियुक्ति, सातै प्रदेशसँगको समन्वय, हवाई सुरक्षा सुधार गरी नेपाललाई युरोपेली संघको उडान प्रतिबन्धको सूचीबाट हटाउन पहल गर्ने तथा संकटकालीन सञ्चारकक्ष स्थापना जस्ता कार्यहरुलाई उच्च प्राथमिकतामा राखिएको छ।

कुल ३८ भन्दा बढी गतिविधि समेटिएको रणनीतिले नेपालको पर्यटन क्षेत्रलाई थप दीगो, सुरक्षित र आर्थिकरुपमा फलदायी बनाउने विश्वास लिइएको छ। कार्यक्रममा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) का सहायक आवासीय प्रतिनिधि धर्म स्वर्णकारले नेपालको आर्थिक समृद्धिका लागि पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतासाथ अघि बढाउनुपर्नेमा जोड दिए। उनले पर्यटन क्षेत्रको विकासका लागि प्रस्तुत रणनीतिक योजना अत्यन्त सान्दर्भिक र व्यापक रहेको उल्लेख गरे।

सन् १९९० को दशकदेखि नै नेपालको विकासका लागि पर्यटन र जलविद्युत्लाई मुख्य आधार मानिए पनि यस क्षेत्रबाट अपेक्षित लाभ लिन नसकिएको उनको भनाइ थियो। उनले पर्यटन क्षेत्रमा रोजगारी सिर्जनाको प्रचुर सम्भावना रहेको औंल्याउँदै सरकारको १६ औं योजनाको मुख्य लक्ष्य रोजगारी सिर्जनालाई सार्थक बनाउन रणनीतिले महत्वपूर्ण भुमिका खेल्ने विश्वास व्यक्त गरे। उनले पर्यटन बोर्डको नयाँ रणनीतिमा गुणास्तरीय पर्यटनसँगै पर्यटकको संख्या वृद्धि पनि महत्वपूर्ण रहेको बताए। १६ औं योजनाले आगामी तीन वर्षभित्र वार्षिक २५ लाख पर्यटक भित्र्याउने लक्ष्य राखेकाले 'भ्यालु' र 'भोल्युम' दुवैलाई सँगै लैजानुपर्ने उनको सुझाव थियो। नेपालको पर्यटन प्रवर्द्धनका लागि विदेशस्थित नेपाली दुतावास र कुटनीतिक नियोगहरुलाई प्रभावकारीरुपमा परिचालन गर्नुपर्नेमा उनले जोड दिए।

उनले स्थानीय सरकारहरुसँगको समन्वयमा पर्यटकीय उत्पादनको विविधीकरण र ब्राण्डिङ गर्नुपर्ने तर्क गरे। नेपाल पर्यटन बोर्डले तयार पारेको बजार व्यवस्थापन रणनीतिलाई केवल बोर्डको योजनामा मात्र सीमित नराखी, पर्यटन मन्त्रालय र राष्ट्रिय योजना आयोगमार्फत् राष्ट्रिय पर्यटन रणनीतिकै रुपमा विकास गर्न उनले सुझाव दिए।

# बालेनका निकटलाई अख्तियारीबिना १ करोड

सन्देश संवाददाता

काठमाडौं/काठमाडौं महानगरपालिकाले संघीय सरकारबाट प्राप्त सशर्त पुँजीगत् अनुदानको रकम कानुनी अख्तियारीबिना नै एउटा गैर सरकारी संस्था (एनजीओ) लाई बाँडेको पाइएको छ। महालेखा परीक्षकको आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार महानगरपालिकाले संघीय सरकारको स्पष्ट कार्यविधि र उपलब्धि सुनिश्चितता गर्ने कुनै पनि कानुनी आधारबिना अल्टरनेटिभ फाउन्डेसन नेपाल नामको एनजीओलाई दुई किस्तामा गरी कुल १ करोड भुक्तानी गरेको छ।

उक्त एनजीओका मुख्य हर्ताकर्ता हालै बालेन्द्र शाह सरकारले राष्ट्रिय योजना आयोगको सदस्यमा नियुक्त गरिएका डा. सुदन झा हुन् भने यस भुक्तानी शाह महानगरको प्रमुख हुँदा दिइएको हो। काठमाडौं महानगरपालिका र अल्टरनेटिभ फाउन्डेसनबीच र वित्तीय लेनदेनको सुरुवात आव २०८१/०८२ को सुरुवाती चरणमै भएको देखिन्छ। संस्थाले २०८१ भदौ १४ गते महानगरपालिकासमक्ष राष्ट्रिय सूचक निर्माण, आर एण्ड डी सेन्टर र ब्रेनगेन सेन्टर सञ्चालन गर्ने प्रस्ताव पेस गर्दै अनुदान माग गरेको महालेखाको प्रतिवेदनमा जनाइएको छ। महानगरपालिकाले २०८२ बैशाख १० गते ६० लाख र २०८२ असार २४ गते ४० लाख गरी एक करोड भुक्तानी गरेको प्रतिवेदनमा उल्लेख छ।

महानगरले प्रस्तावको प्राविधिक तथा कानुनी परीक्षण नै नगरी कार्यपालिकाको निर्णयबाट २०८२ बैशाख ९ मा डिजिटल पूर्वाधार निर्माणसम्बन्धि कार्य गर्ने भनी सम्झौतापत्रमा हस्ताक्षर गर्‍यो। सम्झौतापत्रमा 'सार्वजनिक खरिद नियमावली, २०६९, नेपाल सरकार कार्यसञ्चालन निर्देशिका, २०७६ तथा काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ लगायत प्रचलित कानुनको अधिनमा रही खर्च गर्नुपर्ने' सर्त भित्रीरुपमा राखिएको भए पनि व्यवहारमा ती सबै सर्तहरुको हुबहू उलंघन गरिएको महालेखाले बताएको छ।

संघीय सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरणअन्तर्गत् दिने सशर्त पुँजीगत् अनुदानको स्पष्ट परिभाषा छ। यस प्रकारको अनुदान केवल दीर्घकालीन महत्वका पूर्वाधार निर्माण, पुँजीगत् सम्पत्ति सिर्जना र पुँजी निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्न पाइन्छ। संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सशर्त पुँजीगत् अनुदानलाई चालु प्रकृतिको खर्चमा रकमान्तर गर्न पूर्णरुपमा बन्देज लगाएको छ। अल्टरनेटिभ फाउन्डेसनले महानगरलाई बुझाएको र महानगरले स्वीकृत गरेको आव २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदनअनुसार १ करोड रकम कार्यालय भाडा, विविध, संस्थागत् विकास, सेमिनार/गोष्ठी, संस्था स्तरोन्नति, ईलाइब्रेरी, अध्ययन/अनुसन्धान, डिजिटल प्लेटफर्म निर्माण, कृत्रिम बौद्धिकतासम्बन्धि प्रकाशन तथा ब्रेनगेन सेन्टर सञ्चालनलगायत शीर्षकमा खर्च गरेको देखिन्छ।

उक्त प्रतिवेदनअनुसार प्राप्त कुल १ करोड पुँजी निर्माणमा खर्च हुनुको सट्टा संस्थाको निजी कार्यालय सञ्चालनका लागि घरभाडा भुक्तानीमा उपयोग गरिएको छ। संस्थाको आन्तरिक सुदृढीकरणका लागि आवश्यक कम्प्युटर, फर्निचर र भौतिक पूर्वाधार थप गर्ने जस्ता संस्थागत् विकास र स्तरोन्नतिमा सरकारी बजेट खर्च गरिएको पाइएको महालेखाले बताएको छ। 'गैरसरकारी संस्थाको सञ्चालन तथा चालु प्रकृतिका खर्चका लागि सशर्त अनुदान उपलब्ध गराउनेसम्बन्धि कार्यविधि सम्बन्धित मन्त्रालयबाट जारी भएको देखिएन,' महालेखाको प्रतिवेदनमा भनिएको छ–संस्थाले निर्माण गर्ने भनिएको राष्ट्रिय सूचकको वैधता तथा आधिकारिकताका सम्बन्धमा मन्त्रालयसँग कुनै सम्झौता गरेको प्रमाण पेश गरेको छैन। आधारमा रकम लिएको देखिन्छ।

नेपालको संविधान र कार्यविभाजन नियमावलीअनुसार राष्ट्रियस्तरको सूचक निर्माण गर्ने, त्यसको प्रमाणीकरण गर्ने र वैधता दिने अधिकार केवल संघीय सरकार, केन्द्रीय तथ्यांक कार्यालय वा सम्बन्धित विषयगत् मन्त्रालयलाई मात्र हुन्छ।

# कृषि विकास बैंकलाई नियमविपरीत वीमा भुक्तानी



सन्देश संवाददाता

काठमाडौं/अर्थ मन्त्रालयले कृषि विकास बैंक र साना किसान लघुवित्त वित्तीय संस्थालाई नियमविपरीत वीमा भुक्तानी दिएको खुलेको छ। महालेखा परीक्षकको ६३ औं प्रतिवेदनअनुसार यी संस्थाहरु वीमा व्यवसाय गर्ने आधिकारिक निकाय नभएको र निर्देशिकाले तोकेको अभिकर्ताको रुपमा समेत दर्ता नभए पनि सरकारले कानुनविपरीत वीमा भुक्तानी दिएको हो।

अर्थ मन्त्रालयले कृषि विकास बैंकलाई ४ करोड १६ लाख ६६ हजार र साना किसान लघुवित्त वित्तीय संस्थालाई ८ करोड ७५ लाख ६० हजारसमेत गरी १२ करोड ९२ लाख २६ हजार निकासा दिएको छ। निकासा दिइएको रकमबाट लाभान्वित किसान र पशु वा बालीको वीमा संख्याको खण्डीकृत विवरण एवम् पुष्ट्याइँसमेत मन्त्रालयले माग गरेको र अनुगमन गरेको छैन। सरकारले यस्तो कार्यक्रमका लागि कुनै निश्चित कार्यविधिसमेत तर्जुमा नगरी र प्रचलित सार्वजनिक खरिद एवम् आर्थिक कार्यविधि कानुनको प्रक्रिया पूरा नगरी भुक्तानी दिएको देखिँदा वीमा ऐन र निर्देशिकाले तोकेका आधिकारिक वीमा प्रदायकहरुबाट मात्र कार्यक्रम सञ्चालन गर्ने गरी यसको पुनर्संरचना गर्नुपर्ने महालेखाले जनाएको छ।

हालसम्म भएको खर्च प्रिमियममा मात्र प्रयोग भएको सुनिश्चित हुने गरी कार्यक्रमलाई व्यवस्थित गर्नुपर्ने उल्लेख गरिएको छ। लघु वीमा सहयोग आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा संगठित संस्थालाई अनुदान दिँदा सोको प्रगति विवरण लिने, लेखापरीक्षण गराउने र अनुगमन गर्नुपर्ने व्यवस्था छ। वीमा ऐन, २०७९ को दफा २४ र २८ ले दर्ता नभएका संस्थासँग वीमा कारोबार गर्न नहुने र अनिवार्यरुपमा पुनर्वीमा गर्नुपर्ने व्यवस्था छ। वीमा ऐन र लघुवीमा निर्देशिका, २०७६ को दफा ३ (२) मा निर्जीवन वीमा गर्ने कम्पनीले मात्र यस्तो व्यवसाय गर्न पाउने र सोही निर्देशिकाको दफा ५ मा तोकिएका निकायबाट मात्र कार्यक्रम सञ्चालन हुनुपर्ने व्यवस्था छ।

# गर्मी बढेपछि विद्यालय धमाधम बन्द




सन्देश संवाददाता

महेन्द्रनगर/अत्यधिक गर्मी बढेपछि कञ्चनपुरमा स्थानीय पालिकाले विद्यालयको पठनपाठन बन्द गर्न थालेका छन्। सूचना जारी गर्दै यहाँको शुक्लाफाँटा नगरपालिकाले जेठ १२ र १३ गते गरी दुई दिन नगरक्षेत्रका सम्पूर्ण विद्यालयको पठनपाठन बन्द गर्ने निर्णय गरेको हो।

नगरपालिकाले हाल बढिरहेको अत्यधिक गर्मीका कारण विद्यार्थीको स्वास्थ्य अवस्थामा प्रतिकूल असर पर्न सक्ने र विद्यालय सञ्चालनमा समेत कठिनाइ उत्पन्न हुनसक्ने परिस्थितिलाई दृष्टिगत् गरी दुई दिन बिदा दिने निर्णय गरेको छ। कञ्चनपुरको कृष्णपुर नगरपालिकाले नगरक्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत् विद्यालय तीन दिनसम्मका लागि बिदा दिएको नगरपालिकाका सूचना अधिकारी प्रेम बोगटीले जानकारी दिए। यहाँको भीमदत्त नगरपालिकाले पनि सूचना जारी गर्दै तीन दिनसम्मका लागि विद्यालय बन्द गरेको छ। यहाँका पालिकाले गर्मी बिदा र लामो बिदाबाट कट्टी हुने गरी हाल बिदा दिएको जनाएका छन्। नौं स्थानीय तह रहेको कञ्चनपुरमा संस्थागत् ३ सय ४९ र सामुदायिक २ सय ६० विद्यालय छन्। केही दिनयताको गर्मीका कारण कञ्चनपुरको जनजीवन प्रभावित बनेको छ।

जल तथा मौसम विज्ञान विभागले तातो दिन तथा तातो लहर (लु) सम्बन्धि विशेष बुलेटिन जारी गर्दै आवश्यक सावधानीका लागि सार्वजनिक अनुरोध गरेको थियो। लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भुभागका केही स्थानमा अधिकतम् तापक्रम ३८ डिग्री सेल्सियस वा सोभन्दा बढी रहने तथा थोरै स्थानमा ४० डिग्री सेल्सियस वा सोभन्दा बढी भइ अत्यधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउन हुन अनुरोध गरेको थियो।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुन:प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं, प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं।

*हरित पृथ्वी, सुरक्षित भविष्य।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाभैं यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६. ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने